# विपद व्यवस्थापन कार्यका लागि आवश्यक दररेट उपलब्ध गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१४**

**ठेक्का न : ARM/WORKS/DM/2083/84-01**

मनसूनजन्य विपदका कारण नयाँपुल बिरेठाटि घान्द्रुक सडक खण्ड अन्तर्गत बिरेठाटिमा (सडक संचालन तथा बस्ती संरक्षण)को कार्य गर्न तपसिलका शर्तहरुको अधिनमा रही हुने गरी तपसिल अनुसार ग्याबिन (Gabion) भर्ने कार्य (कामदारको सम्पूर्ण ब्यबस्थापन सहित) गर्नुपरेको हुँदा इच्छुक निर्माण व्यवसायीले व्यवसाय दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, प्यान/भ्याट दर्ता लगायतका आवश्यक कागजात सहित मिति २०८३/०५/१५ गते दिउसो ५ बजे भित्र दररेट उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिलः</u>

१. न्युनतम दर रेट कबोल गर्ने निर्माण व्यवसायीको प्रस्ताब सारभूत रुपमा प्रभावग्राही मानिनेछ ।

२. इच्छुक निर्माण व्यवसायीले सम्झौता भएको दिन देखि दुई दिन भित्र निर्माण कार्य सुरु गर्नुपर्नेछ, ३० दिनभित्र कार्य सम्पन्न गर्नुपर्नेछ र तोकिएको कार्य सम्पन्न भए पश्चात कार्य परिमाण नापजांच गरी एकैपटक अन्तिम भुक्तानी गरिनेछ।

३. कामदारको पारिश्रमिक तथा खाने बस्ने सबै ब्यबस्था निर्माण व्यवसायी स्वयंले नै गर्नुपर्नेछ ।यसका लागि गाउँपालिका समक्ष कुनै दावी गर्न पाइनेछैन ।

४. कामदारको सुरक्षाको जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायीको हुनेछ र विपद व्यवस्थापनको कार्य गर्दा कुनै दूर्घटना भई केही मानवीय तथा भौतिक क्षति भएमा सो को सम्पूर्ण जिम्मेवार स्वयं निर्माण व्यवसायी हुनेछ।

५. दररेट पेश गर्ने निर्माण व्यवसायीले रु. २०,०००/- (अक्षरुपी बिस हजार रुपैयाँ मात्र) बराबरको रकम यस गाउँपालिकाको NIC ASIA बैंक लिमिटेडमा रहेको खाता नं I-1-CA-051-227-85-2405 मा धरौटी जम्मा गर्नुपर्नेछ ।

६. सबैभन्दा कम दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) को २ महिना अवधिको कार्यसम्पादन जमानत राखेपछि मात्र सम्झौता गरिनेछ । निर्माण व्यवसायीले सम्झौता अवधिमा सन्तोषजनक काम गर्न नसकेमा निजसँग गरिएको यो सम्झौता रद्द गरी कार्यसम्पादन जमानत बापत राखेको रकमबाट बिपद व्यवस्थापन कार्य गरिनेछ ।

७. नियमानुसार सूचना प्रकाशित भएको मितिले २०८३/०५/१५ गते कार्यालय समयभित्र अपरान्ह ५ बजे यस गाउ कार्यपालिकाको कार्यालयमा दररेट पेश गरी सक्नुपर्नेछ र यसरी दर्ता हुन आएका प्रस्तावपत्र २०८३/०५/१५ गते अपरान्ह ५:१५ बजे प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।

प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्तावपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

८. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावपत्रलाई मान्यता दिइनेछैन।

९. खामबन्दी दररेटसाथ फर्म दर्ताको प्रमाणपत्र, निर्माण व्यसायी इजाजत पत्र, स्थायी लेखा दर्ताको प्रमाणपत्र र कर चुक्ताको प्रमाणपत्र (आ.व २०८१/८२ को) सहित कागजात अनिवार्य पेश गर्नुपर्नेछ।

दररेट प्रस्ताव फाराम यस कार्यालयको वेबसाइट https://annapurnamunkaski.gov.np/ बाट download गर्न सकिनेछ ।

यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| क्र.स. | कामको बिवरण | एकाई | अधिकतम दर रेट (VAT बाहेक) (प्रति घन मिटर ) | कैफियत |
|---|---|---|---|---|
| 1. | Insurance for personnel injury or death as per Labor law for manpower required for Stone/boulder filling in gabion works. | PS | रू. 20,000/- | |
| 2. | Assembling mechanical woven Gabion boxes /mattresses, placing in position including stretching; forming compartments; tying the sides and diaphragms with binding wire in each mesh; tying with bracing wires and tie wires , tying down the lid complete and filling stone/boulder in gabion boxes/mattress etc. Including dressing, bedding, bonding and laying of a geotextile filter all complete as per Drawing and Technical Specifications. (as per Specification clause no 2402 and 2404) | cum | रू. 1052 | प्रति घ.मि ग्याबिन (Gabion) भर्नको लागि कामदारको ज्याला मात्र। |

# विपद् व्यवस्थापन कार्यका लागि आवश्यक उपकरणको दररेट प्रस्ताव फाराम

श्री अन्नपूर्ण गाउँपालिका ,
गाउ कार्यपालिकाको कार्यालय
माछापोखरी , कास्की ।

**विषय: दररेट पेश गरेको सम्बन्धमा (ठेक्का न : ARM/WORKS/DM/2083/84-01) ।**

प्रस्तुत विषयमा मनसूनजन्य विपदका कारण नयाँपुल बिरेठाटि घान्द्रुक सडक खण्ड अन्तर्गत, बिरेठाटिमा ग्याबिन (Gabion) भर्ने (कामदारको सम्पूर्ण व्यवस्थापन सहित) कार्य गर्न तपसिलको स्पेशिफिकेशन अनुसारको कार्य सम्पन्न गराउन मिति २०८३/०५/१४ गते प्रकाशित सूचना अनुसार दररेट पेश गर्न इच्छुक भएकोले रु. २०,००० (बिस हजार रुपैया मात्र) धरौटी बापत जम्मा गरेको सक्कलै भौचर र अन्य आवश्यक कागजातहरु संलग्न गरी दररेट प्रस्ताव सिलबन्दी गरी पेश गरेको छु ।

| क्र.स. | कामको बिवरण | एकाई | कबोल गरेको दररेट ( VAT बाहेक) (प्रति घन मिटर ) | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| 1. | Insurance for personnel injury or death as per Labor law for manpower required for boulder filling in gabion works. | PS | रू. 20,000/- | Twenty Thousand Rupees only/- | |
| 2. | Assembling mechanical woven Gabion boxes /mattresses, placing in position including stretching; forming compartments; tying the sides and diaphragms with binding wire in each mesh; tying with bracing wires and tie wires , tying down the lid complete as per specification and filling stone/boulder in gabion boxes/mattress etc. Including dressing, bedding, bonding and laying of a geotextile filter all complete as per Drawing and Technical Specifications (as per Specification clause no. 2402 and 2404). | cum | | | प्रति घ.मि ग्याबिन (Gabion) भर्नको लागि कामदारको ज्याला मात्र। |

प्रस्ताव पेश गर्ने फर्मको नाम : हस्ताक्षर/छाप:

संचालकको नाम:

ठेगाना:

सम्पर्क नं.: मिति: